# न्यूजप्रवाह साप्ताहिक

Newsprabah weekly

स्थानीय 'ग' वर्गमा वर्गीकृत




१० दिनमा "गौंथली" साढे ७ करोड नजिक (पृष्ठ ३ मा)


❖ वर्ष ६ ❖ अंक २ ❖ २०८३ साउन १३ गते बुधबार ❖ Wednesday, 29 July, 2026 ❖ मूल्य रू. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


# होस्टल नियमनमा चितवन प्रशासन

## मापदण्डविपरीतका होस्टल बन्द गर्छौं : प्रजिअ

**- बबिलाल तामाङ**

भरतपुर। जिल्ला प्रशासन कार्यालय चितवनले छात्रावास (होस्टल) नियमनका लागि ठोस कदम चालेको छ।




शनिबार आयोजित बैठकमा प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जिल्लाभरका ३३ जना होस्टल सञ्चालकलाई बोलाएर मापदण्डअनुसार सञ्चालन गर्न निर्देशन दिएका छन्।

उनले भने, 'होस्टल होटल होइन, दर्ता नगरी सञ्चालन गर्न पाइँदैन। नियमविपरीत चलेका होस्टल बन्द हुनेछन्।'

छलफलमा शिक्षा विकास तथा समन्वय इकाइ, भरतपुर महानगर शैक्षिक प्रशासन महाशाखा, प्याब्सन, हिसान तथा होस्टल सञ्चालक सहभागी थिए। प्रजिअ अर्यालले होस्टलभित्र हुने अनधिकृत गतिविधिजस्तै, मदिरा सेवन वा गर्ल्स होस्टलमा पुरुष प्रवेशप्रति कडा चेतावनी दिँदै १५ दिनभित्र सुधार गर्न समय सीमा तोकेका छन्।

भरतपुर महानगर शैक्षिक प्रशासन महाशाखाका प्रमुख सुवासचन्द्र आचार्यका अनुसार बैठकले तीनबुँदे निर्देशन जारी गरेको छ। पहिलोः दर्ता नभएका छात्रावासलाई १५ दिनभित्र पालिकामा दर्ता गर्नुपर्नेछ। दोस्रोः दर्ता भइसकेका होस्टललाई सूचीकृत गर्नुपर्नेछ। तेस्रोः शुल्क, अनुशासन, पूर्वाधार र व्यावसायिक नैतिकतासम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्ने सहमति भएको छ।

यसका लागि शिक्षा विकास तथा समन्वय इकाइका सूचना अधिकारी रमेश अधिकारीको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरिएको छ। समितिमा भरतपुर महानगर शैक्षिक प्रशासन महाशाखाका अधिकृत रवीन्द्र देवकोटा र होस्टल एसोसिएसन चितवनकी अध्यक्ष आरती साह सदस्य छन्। समितिले १५ दिनभित्र प्रतिवेदन तयार गरी प्रशासन कार्यालयमा बुझाउने छ। देवकोटाका अनुसार प्रतिवेदनमाथि हुने छलफलले अन्तिम निष्कर्ष निकाल्ने छ।

संयोजक अधिकारीले समितिले प्रारम्भिक काम सुरू गरिसकेको बताए। उनले भने, 'भरतपुर महानगरले २०८० मा बनाएको कार्यविधि अध्ययन गरेर अन्य पालिकाको कार्यविधिसमेत समेट्ने छौँ। आकर्षक, गुणस्तरीय र सुविधायुक्त होस्टल निर्माणका लागि प्रतिवेदन तयार हुनेछ।' प्रतिवेदनमासरसफाइ,खाना,सुरक्षाको व्यवस्था, आचरणलगायतका विषय समेटिने छ।

भरतपुर महानगरले छात्रावास

(बाँकी ५ पेजमा)

# '३२औँ विश्व आदिवासी दिवस'को तयारी तीव्र

## पहिचान झल्कने पोसाकमा सहभागी हुन आग्रह

**- विना तामाङ**

भरतपुर। नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) जिल्ला समन्वय परिषद् चितवनले ३२ औँ विश्व आदिवासी दिवस विशेष




कार्यक्रमका साथ मनाउने भएको छ।

आइतबार महासंघको आफ्नै भवनमा बसेको बैठकले विश्व आदिवासी दिवसको तयारी तथा कार्यक्रम व्यवस्थापनसम्बन्धी विभिन्न निर्णय गरेको नेफिन चितवनका अध्यक्ष सागर कुमालले जानकारी दिए।

उनका अनुसार साउन २४ गते भरतपुरस्थित वीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको सभाहलमा कार्यक्रम आयोजना गरिनेछ।

कार्यक्रमको उद्घाटन भरतपुर महानगरपालिकाका कार्यवाहक मेयर चित्रसेन अधिकारीले गर्ने तय भएको छ।

कार्यक्रममा सहभागी हुने सम्पूर्ण आदिवासी जनजाति समुदायका सदस्य, जातीय संस्था तथा प्रतिनिधिहरूलाई आफ्नो जातीय पहिचान, धर्म र संस्कृतिलाई

(बाँकी ५ पेजमा)

# ३४ परिवारलाई लालपुर्जा हस्तान्तरण

इच्छाकामना। इच्छाकामना गाउँपालिका-७, भालुवाडस्थित




सुन्दरबस्तीको सङ्गमटोलका ३४ घरपरिवारलाई शुक्रबार जग्गाधनी प्रमाणपत्र (लालपुर्जा) वितरण गरिएको छ। भूमि समस्या समाधान समितिका अध्यक्ष बलभद्र बाँस्तोलाले लालपुर्जा वितरण गरेका हुन्।

सो अवसरमा उनले सबै तिरबाट सहयोग मिलेमा यसै कार्यकालमा सबै सुकुमबासीले जग्गाधनी पुर्जा पाउने बताए। उनले ५०० दिनभित्र लालपुर्जा वितरण गरी सक्ने बताए। यसका लागि स्थानीय तह, जिल्लास्थित भूमि समस्या समाधान समिति, निवेदक सबैको साथ र सहयोग चाहिने बताए। सुकुमबासीका लागि लालपुर्जा वितरण गरिएको यो दोस्रो जिल्ला भएको उनको भनाइ थियो।

कार्यक्रममा भूमि समस्या समाधान समिति चितवनका अध्यक्ष

(बाँकी ५ पेजमा)

# तीन हजार आठसय बढी युनिट रगत सङ्कलन

भरतपुर। उपचारमा आउने बिरामीले सधैँ रगतको अभाव खेप्नु परेपछि भरतपुर अस्पतालले




आफैँले रक्तसञ्चार केन्द्र सञ्चालनमा ल्याएको छ। केन्द्रमा गत एक वर्ष तीन हजार ८३५ युनिट रगत सङ्कलन भएको छ।

हरेक साताको सोमबार, बुधबार र शुक्रबार रक्तदान कार्यक्रम सञ्चालन गरिँदै आइएको केन्द्रले जनाएको छ। विसं २०८१ जेठदेखि नियमित रक्तदान कार्यक्रम गर्न थालिएको जनाउँदै रक्तसञ्चार केन्द्रका अधिकारी विष्णुप्रसाद बाँस्तोलाले ती दिनमा बिहान ८:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म रक्तदान गर्न सकिने बताए।

रक्तदान गर्नेलाई खाजाको व्यवस्था गरिनुका साथै अस्पतालले प्रमाणपत्र पनि दिने गरेको छ। उनका अनुसार खाजाको खर्च भरतपुर महानगरपालिकाले भुक्तानी गर्दछ। बिरामीका आफन्तहरूबाट धेरै रगत सङ्कलन हुने गरेको छ। कतिपय

(बाँकी ५ पेजमा)


प्रो. लुलाराज तामाङ

मो. ९८५५०५०४५९
९८०२९२३७१०

चितवन फिस हाउस

CHITWAN FISH HOUSE

भरतपुर-१०, रिजालचोक (पुरानो हाटबजार) चितवन

हाम्रा सेवाहरू :

स्थानीय उत्पादन जिउँदो तथा ताजा माछा, काँडा निकालिएको माछा, (Fish Fillet) तयारी भ्याकुम प्याकिङ माछा, माछाको सुकुटी (Dry Fish), स्थानीय जातको माछा साथै विवाह, पार्टीका लागि तयारी माछा उपलब्ध गरिनुका साथै होम डेलिभरिको व्यवस्था छ।



## गुरुहरूप्रति सम्मान व्यक्त गरौं

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरुको सम्मान गरौं,
- गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरु-शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग

## सम्पादकीय

# कर नीतिमा अपरिपक्वता

सरकारले निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाएको तीन प्रतिशत समता शुल्क फिर्ता लिएको छ। तीव्र दबाब आएपछि सरकारले समता शुल्क तत्काल लागू नगर्ने निर्णयमा पुगेको हो। प्रधानमन्त्री बालेन्दै शाहले वर्तमान अवस्थामा समता शुल्क कार्यान्वयन गर्दा आमनागरिकमाथि थप आर्थिक भार पर्ने र निराशा बढ्ने निष्कर्षका साथ कर नीति फिर्ता लिएको जनाएका छन्। चौतर्फी विरोध भएपछि जनभावनाको सम्मानस्वरूप सरकार पछि हट्नु लोकतान्त्रिक संस्कार हो। तथापि यस घटनाले नेपालको कर नीति निर्माण प्रक्रिया कति अपरिपक्व र हचुवाको भरमा गरिँदो रहेछ भन्ने सवाल उठेको छ। जनताको विश्वास र अपेक्षाबाट बनेको जनमुखी सरकार भएकाले नागरिकको हितलाई केन्द्रमा राखेर कर नीति फिर्ता लिइएको भनिए पनि निजी शिक्षा तथा स्वास्थ्य क्षेत्रमा लगाइएको शुल्कको चौतर्फीरुपमा विरोध चुलिएपछि सो दबाब खेप्न नसकेकै कारणले कर नीति फिर्ता गर्नुपरेको हो।

कर नीति राजस्व असुल्ने साधन मात्रै नभई मुलुकको आर्थिक विकास, सामाजिक न्याय, लगानी प्रवर्द्धन र सार्वजनिक सेवा विस्तारको दीर्घकालीन आधार पनि हो। त्यसैले विश्वका मुलुकहरूमा कर निर्धारण गर्नुअघि विस्तृत अध्ययन, तथ्याङ्क विश्लेषण, प्रभाव मूल्याङ्कन, विज्ञ तथा सरोकारवालासँग परामर्श र सार्वजनिक बहससमेत गर्ने गरिन्छ। नयाँ कर लागू गरिँदा जनजीवन, उद्योग, लगानी, मूल्यवृद्धि र समग्र अर्थतन्त्रमा पार्ने प्रभावको वैज्ञानिक अध्ययनपछि मात्र निर्णय लिने अभ्यास विश्वमा स्थापित छ। तर, नेपालमा भने केही समययता कर नीति बजेट भाषणमार्फत् अचानक घोषणा गर्ने, पर्याप्त तयारीबिनै कार्यान्वयनमा लैजाने र विरोध चुलिएपछिट हठात्मा संशोधन वा फिर्ता लिने प्रवृत्ति पुनरावृत्ति भइरहेको छ। शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको समता शुल्क हटाउने सरकारको निर्णयले तत्कालका लागि समाधान मिले पनि त्यसले नीति निर्माण तहमा पार्ने प्रभाव र विश्वसनीयतामाथि गम्भीर सवाल उत्पन्न गरेको छ।

सुरुवातमा सरकारले तीन प्रतिशत समता शुल्कको उद्देश्य दुर्गम र पछाडि परेका क्षेत्रका नागरिकलाई गुणस्तरीय शिक्षा र स्वास्थ्यसेवा उपलब्ध गराउने, दलित, सीमान्तकृत तथा विपन्न समुदायलाई सहयोग गर्ने, स्वास्थ्य बिमाको दायरालाई फराकिलो बनाउँदै आवश्यक आर्थिक स्रोत जुटाउने भनेको थियो। जनतालाई विश्वासमा नलिई गरिएको निर्णयले न त सरकारले लिएको उद्देश्य पूरा हुन सक्छ न त सामाजिक न्याय नै। पर्याप्त अध्ययन र छलफलबिनै हचुवाका भरमा कर लगाउँदै जाने अनि विरोध भएपछि फिर्ता लिँदै जाने प्रवृत्तिले सरकारको विश्वासमात्रै कमजोर बन्दैन, दीर्घकालीन योजनासमेत प्रभावित हुन्छन्। कर नीति आवश्यक परेको कुरा बारम्बार बदलिँदै जाने नीति होइन। त्यसैले पूर्वानुमानयोग्य, पारदर्शी, न्यायोचित र दीर्घकालीन स्थिर कर प्रणाली अपरिहार्य हुन्छ। यस्तो प्रणालीले मात्र सरकारप्रतिको विश्वास बढाउनुको साथै लगानीको वातावरण पनि बलियो बनाउनुका साथै आर्थिक विकासलाई दिगो आधार प्रदान गर्न पनि सहयोग पुग्ने देखिन्छ।

# कठै ! कत्ति पनि नसुहाएको यिनका विरोध



दृष्टिकोण

- रामचन्द्र भट्ट

बिक्रम सम्वत् २०५३/५४ सालतिरको सन्दर्भ हो। मेरो गृहजिल्ला नुवाकोटको सदरमुकाम विदुर तिर बरालिएर हिड्ने एक जना युवक एक दिन हतारिँदै भेट्न आइपुगे।

'दाई मैले रेडियो नेपालको प्रेसपास लिएर आएको छु। समाचार लेख्न सिकाइदिनुपर्यो र कार्यक्रमहरु हुँदा मलाई पनि सँगै लिएर जानुपर्यो' उनले भने। म चकित परेँ। उनका पिता निर्माण व्यबसायी थिए। उनी पनि निर्माण व्यबसायी संघको अफिस तिर बरालिएर बस्थे। पत्रकारितामा न उनको अनुभव छ, न यो विषय उनले पढेकै हो, नत कुनै तालिमनै छ। नत रुचीको क्षेत्र थियो उनको। एक राष्ट्रियस्तरका नेताको निकट रहेका उनलाई तिनै नेताले जागिरका रुपमा रेडियो नेपालमा सिफारिस गरिदिएका रहेछन्।

म त्यतिखेर फूलटाइम जागीरे उद्योग बाणिज्य संघमा थिएँ। सँगै काठमाडौंबाट प्रकाशित हुने श्री सगरमाथा दैनिक र दृष्टि साप्ताहिकमा पनि समाचार पठाउँथे।

अहिलेजस्तो समाचार कम्प्युटरमा तयार गरेर इमेल गर्ने भन्ने कुरा राजधानीमा त थिएन, मोफसलमा हुने कुरै भएन। जिल्लाभरिमा केही सरकारी अफिसहरु (जिल्ला प्रशासन, जिल्ला विकास समिति, विदुर नगरपालिका) मा फ्याक्स थियो। संयोगले उद्योग बाणिज्य महासंघका तत्कालिन उपाध्यक्ष विनोदबहादुर श्रेष्ठले नुवाकोट उद्योग बाणिज्य संघलाई एउटा फ्याक्स मेसिन सहयोग गरेका थिए। त्यसले गर्दा प्रति पेज १० रुपैयाँ लिनेगरि उद्योग बाणिज्य संघले पत्रकारहरुलाई समाचार पठाउन दिने निर्णय गरेको थियो। जिल्लामा कृयाशील पत्रकारहरुको भीड साँझपख समाचार पठाउन उद्योग बाणिज्य संघमै लाग्थ्यो।

त्यतिखेर राससमा मोहन बिक्रमध्वज जोशी, कान्तिपुरमा राजु थापा, गोरखापत्रमा लक्ष्मण श्रेष्ठ, हिमालय टाइम्समा राम श्रेष्ठ र म श्री सगरमाथामा थिएँ।

रेडियो नेपालका ती नयाँ पत्रकारले ५/७ पटक हाम्रो समाचार सारेर पठाए। तर उनलाई के हेक्का थिएन भने प्रिन्ट मिडिया र रेडियोको समाचारको फरम्याट फरक हुन्छ भनेर। सारेको समाचार पठाउँथे र रेडियो नेपालमा खगेन्द्र खत्रीलाई फोन गरेर 'दाइ जयनेपाल' भन्दै समाचार पठाएको खबर गर्थे।

उनले तीन महिना पनि रिपोर्टिंग गर्न सकेनन्। किनकी पत्रकारिता गर्नका लागि कि पढेकै हुनुपर्छ, नभए लगाव र रस पसेको हुनुपर्छ। जो पायो त्यही यो पेशमा रमाएर काम गर्न सक्दैनन् भन्ने देखेको छु। उनी अवधि पुरा नगरि निकालिए वा नसकेर छाडेका हुन् सोधीखोजी पनि गरिएन। बरु उनले उधारोमा उद्योग बाणिज्य संघबाट गरेको फ्याक्सको भुक्तानी नगरेपछि अडिटमा बेरुजु आयो। उनी मात्र होइन, जिल्लाका अन्य केही पत्रकारहरुले पनि गरेको फ्याक्सको भुक्तानी नदिएपछि आएको बेरुजु मैले त्यहाँ जागिर छाडेको एक वर्षपछि २०५६ सालमा आफ्नै पकेटबाट दुईहजार ६ सय रुपैयाँ तिरेर फस्र्यौट गर्न वाध्य भएँ। किनकी संघको कार्यसमितिले उधारोमा दिएमा त्यो उठाउने जिम्मा मेरै थाप्लोमा हालिदिएको थियो।

जिल्लामा रहेर पत्रकारिता गरून्जेल सरकारी मिडियामा गाइजात्रा देखिन्थ्यो। नेपाल टेलिभिजन र रासस बाहेक गोरखापत्र र रेडियो नेपालका जिल्ला संवाददाताहरू तीन तीन महिनामा फेरिन्थे, कहिल्यै पत्रकारिता नगरेकाहरू म फलानो मिडियाको पत्रकार भन्दै कार्यालय प्रमुख थर्काउन पुग्थे। गोरखापत्रमा २०५५ सालपछि दिनेश आचार्य संवाददाता भए। उनी गोरखापत्रको एकसय वर्षका अवसरमा पुरस्कृत पनि भए। उनी छउन्जेल नुवाकोटमा सरकारी मिडियाको राम्रै छाप पनि रह्यो।

सन्दर्भ-२

२०५४ को स्थानीय निर्वाचन ताका म श्री सगरमाथा र दृष्टि साप्ताहिकमा समाचार पठाउँथे।

त्यतिखेर रेडियो नेपालबाट चर्चित कार्यक्रम 'घटना र विचार' को संयोजक नरनाथ लुइटेल हुनुहुन्थ्यो। म आधिकारिक रुपमा रेडियो नेपाल र घटना र विचारको नुवाकोट प्रतिनिधि थिइन।

तरपनि घटना र विचारका लागि उपयुक्त हुन्छ भन्ने लागेका समाचारहरु टिपाउँथे। इन्सेकमा कार्यरत रहँदा लुईटेलसँग भएको चिनजानीका कारण उहाँले विश्वास गर्नुहुन्थ्यो।

जिल्लामा पत्रकारका रुपमा त्यतिखेर मुस्किलले पाँच जना थियौं। जिल्लाका केही नेताहरुसँग रेडियो नेपालमा प्रतिनिधि हुन चाहेको कुरा पनि राखिसकेको थिएँ मैले। किनकी सिस्टमनै यस्तो बसिसकेको थियो कि क्षमता, अनुभवले भन्दा पनि नेताले नभनिदिएसम्म सरकारी मिडियामा प्रवेश लगभग असंभव थियो।

तर एक दिन नयाँ मान्छे आफुलाई रेडियो नेपालको प्रतिनिधि भनेर मसँग परिचय गर्न आइपुगे। आउनुको कारण चाहि दुईवटा थिएँ। पहिलो, पत्रकारिता गर्न सुरु गरेको दुई वर्षमात्र भएपनि मैले जिल्लामा एक हिसाबले पत्रकारको परिचय बनाइसकेको थिएँ। दोस्रो, समाचार फ्याक्स गर्न सहज पायक ठाउँ उद्योग बाणिज्य संघ थियो, त्यहाँ म कार्यालय सचिवका रुपमा कार्यरत थिएँ।

मलाई ललीपप देखाएर काठमाडौंमा पढ्दै गरेको व्यक्तिलाई रेडियो नेपालको प्रतिनिधि बनाएको घटना पछि मैले जिल्लाका नेता महेन्द्र पाण्डे प्रतिको विश्वास ढल्यो। के लाग्यो भने यी नेताहरुले जुन्युइन मान्छे भन्दा आफ्ना हनुमान र कार्यकर्ता खोज्दा रहेछन् जता पनि।

सुनेको थिएँ, उनी काठमाडौंको क्याम्पसमा पत्रकारिताको विद्यार्थी थिए। तर उनले पत्रकारिता भने गरेका थिएनन्। काठमाडौंमा क्याम्पस पढ्दै गरेका ती नयाँ साथीको पनि लोकन्द्रबहादुर चन्दको सरकार गिरेसँगै रेडियोको जागिर गयो। उनी पत्रकारिता गर्न नुवाकोट फर्किएनन्।

यी माथिका दुई दृष्टान्त मैले किन उल्लेख गरेको भने एकजना कांग्रेसले बरालिएर हिडिरहेको युवालाई जागिर दिने नाममा सरकारी सञ्चार माध्यम रेडियो नेपाल जस्तो संवेदनशील निकायको पत्रकार बनायो। जो काम गर्न नसकेर हात उठाएर निस्किए।

एमालेले जिल्लामा कृयाशीलको सट्टा काठमाडौंदेखि वफादारलाई जिल्ला ल्याएर पत्रकार बनायो। ती पनि टिकेर दीर्घकालसम्म पत्रकार हुन सकेनन्।

सन्दर्भ-३

अब अमेरिकामा पत्रकारिताको प्रसङ्ग र भोगाइ। अमेरिका आइसकेपछि एकाध वर्ष म लो प्रोफाइलमै बसेँ। सेतोपाटी सुरु भएपछि किरण भण्डारीले मलाई झकझकाए। पछि सेतोपाटी अमेरिका संस्करणको त सम्पादकीय टिममै रहेर काम गरियो।

जब टेक्सस झरेँ त्यसपछि हिमालयखबर अनलाइनमा आवद्ध भएर सामुदायिक पत्रकारिता गरिरहेको छु। पुर्णकालिन रुपमा परिवार पाल्न पत्रकारितासँग संबन्ध नरहेको काम गरेपनि पत्रकारिताको ह्याङ्गओभर बाँकी रहेकोले हिमालयखबरलाई पनि सँगै अघि बढाइरहेका छौं।

डेढ वर्ष अघि पारिवारिक जमघटमा पुराना मित्र सञ्जय घिमिरेजीले एउटा प्रस्ताव राख्नुभयो। उहाँले भन्नुभयो 'राससको धमेन्द्र झाले एकजना संवाददाता ड्यालस जस्तो नेपाली समुदायको बाक्लो बस्ती रहेको ठाउँमा चाहियो भनेका छन्। तपाई इच्छुक हुनुहुन्छ कि हुनुहुन्न कुन्नि ? मैले त तपाईले गर्न सक्नुहुन्छ, लेखि पनि रहनुभएको छ भनेर कुराकानी गरेँ।' झा त्यतिखेर राससमा अध्यक्ष थिए।

मलाई खासै चासो थिएन। किनकी म बिहान १० बजेदेखि राति १ बजेसम्म दुईवटा काम गर्थे। राससको संवाददाता हुने हो भने पार्टटाइम काम मैले छाड्नुपर्ने हुन्थ्यो। आर्थिक हिसाबले राससमा समाचार पठाएर पाइने रकम भन्दा पार्टटाइम कामबाट प्राप्त हुने सुविधा तुलना हुनै सक्दैनथ्यो। राससको भन्दा पार्टटाइम कामबाट प्राप्त हुने रकम धेरै होइन, निकै नै धेरै थियो।

सञ्जयजीले पछि पनि दुई पटक यही कुरा राख्नुभयो। आर्थिक हिसाबले उपलब्धिमुलक पटक्कै छैन राससमा समाचार पठाउनु। तर पनि नेपालका कैयौं जिल्लाहरुको भन्दा बढी नेपालीको जनसंख्या रहेको टेक्ससबाट समाचार पठाउँदा यताको गतिविधि नेपालभरिका सयौं मिडियाहरुमा एकसाथ प्रकाशित हुन्थ्यो। त्यसले गर्दा केही समय हेरौं न त कत्तिको समय दिन सकिन्छ र कन्टेन्ट दिन सकिन्छ भन्ने लागेर कुरा अघि बढाउन ग्रीन सिग्नल दिएँ।

केही दिनपछि उहाँले 'झासँग कुराकानी भैसकेको र एकपटक म आफैंले कुरा गर्नुस्' भन्नुभयो।

मेरो पनि कुराकानी भयो। उनले बायोडाटा (रेजुमी) पठाउन भने। उनले भने बमोजिम पठाएँ।

केही दिनपछिको सम्पर्कमा झाले विदेशमा राखिने संवाददाताहरुको विषयमा राससले नीति बनाउन लागेको र त्यसै अनुसार राखिने भएकोले केही हप्ता कुर्न भने। मलाई लाग्यो हो पनि, किनकी संवाददाताको नियुक्तिमा नेपाली नागरिक भनिएको हुन्छ। तर अमेरिकामा आएर बसेका झण्डै ७५ प्रतिशतले यहीँको नागरिकता लिएका छन्। अमेरिकी नागरिकता लिइसकेपछि प्राविधिक रुपमा विदेशी नागरिक भइयो। त्यसका लागि नीतिगत परिवर्तन अवश्व चाहिन्छ।

मलाई नीतिगत परिवर्तनको बहानामा कुराएर केही हप्तापछि झाले एकजना चिनजानकै साथीलाई प्रतिनिधि नियुक्त गरेछन्। ती साथीको क्षमतामा मेरो कुनै प्रश्न र शंका छैन। तर पनि मलाई झुलाएर स्पष्ट कुरा नगरि अर्का साथीलाई नियुक्ति दिँदा ठूलो राजनीति कारण रहेको कुरा बुझ्न कुनै रकेट साइन्स पढ्नु पर्दैन।

मलाइ राससमा प्रतिनिधि नदिएकोमा एक रत्ति पनि गुनासो होइन। राससमा नियुक्ति दिइएको भए फेसबुकमा फुकिफुकी लेख्नुपर्थ्यो। मेरो स्वतन्त्रता कुण्ठित हुनेथियो। सरकार, मन्त्रीहरूको विषयमा केही लेख्न मलाइ कठिनाइ पर्थ्यो। किनकी एक हिसाबले म सरकार दानापानी पेटमा परेको वर्गमा पर्थे र आफ्नो इच्छा अनुसार लेख्न नैतिक रुपमा कठिनाई थियो। यथार्थता उल्लेख गर्नुपर्दा राससले एउटा समाचारलाइ भुक्तानी गर्ने पारिश्रमिक भन्दा त बरू एउटा स्टाटसबाट फेसबुकले दिने रकम धेरै हुन्छ।

तर गुनासो कहाँ निर हो भने अमेरिका आएको १५ वर्षपछि पनि मलाई पुरानै राजनीतिको चस्माले जोखाना हेरियो। त्यही कारणले सरकारी सञ्चार माध्यमको ढोका बन्द गरियो। अनि अहिले प्रेस युनियन, चौतारी जस्ता कांग्रेस एमालेका भातृ संगठनहरुले वर्तमान मन्त्रीले पजनी र नियुक्ति गर्न खोज्दा राँडोरुवाई गरेर हुन्छ ?

सत्य नलुकाइ भन्ने हो भने नेपालमा नयाँ सरकार आएपछि सबैभन्दा सुरुमा सल्बलाउने वर्ग भनेको मोफसलमा पत्रकारिता गरिरहेका हुन्। नयाँ सरकार गठन हुनासाथ सञ्चार मन्त्री विगतमा जुन दलको भागमा पर्थ्यो, तिनले जिल्ला जिल्लामा आफ्ना पार्टीका कार्यकर्ता पत्रकारलाई जागिर दिएर कामको सुरुवात गरेको घटनाबाट बेखबर कोही छैनन्।

यो कुनै नियम त थिएन र अहिले पनि छैन। तर एकखालको पद्धती बनिसकेको छ कि सरकार गठन हुनासाथ जिल्ला जिल्लामा राष्ट्रिय समाचार समिति, गोरखापत्र, रेडियो नेपाल, नेपाल टेलिभिजन जस्ता सरकारी सञ्चार माध्यमहरुमा कार्यकर्ता पत्रकार नियुक्ति गर्ने।

राष्ट्रिय स्वतन्त्र पार्टीको एकमना सरकार गठन भएर हनिमुन अवधि समेत पुरा गरिसकेको छ। लोकतान्त्रिक पद्धतीमा नयाँ सरकार गठन भएपछि एकसय दिनको अवधिलाई हनिमुन भन्ने गरिन्छ। हनिमुन पिरियडको समाप्तीसँगै सञ्चार मन्त्रालयले करार, अस्थायी रुपमा नियुक्त भएका सरकारी सञ्चार माध्यमका पत्रकारहरुको पजनी थाल्यो। तिनको ठाउँमा नयाँ नियुक्ति प्रकृया सुरु गर्यो। पहिले भन्दा व्यबस्थित, पारदर्शी र प्रतिस्पर्धी देखाउने नाममा विज्ञापन पनि खोल्यो। तर दुइ दिनको समय दिएर। हुनतः पहिलेनै कस्लाई नियुक्त गर्ने भनेर प्रि-सेट भैसकेको अवस्थामा दुई दिन पनि बढीनै समय हुन्छ। दुई घण्टा भएपनि प्रयाप्त समय हो त्यसका लागि।

अबको केही दिनभित्रै वर्तमान सरकारलाई विगतमा सहयोग गरेका वा भविष्यमा कार्यकर्ता भएर सहयोगको किरिया खानसक्नेहरु धमाधम सरकारी सञ्चार माध्यममा नियुक्त भएर नयाँ पत्रकारको बिल्ला भिरेर जिल्लाजिल्ला देखि केन्द्रसम्म उदाउनेछन्।

यो नयाँ होइन। बिक्रम सम्वत् २०४८ सालमा जननिर्वाचित सरकार गठन भएयता हरेक पटक नयाँ सरकार गठनसँगै देखिदै आएको दृश्य र भोगिदै आएको घटना हो। नयाँ सरकारले सरकारी सञ्चार माध्यममा पत्रकारका नाममा मोजमस्ती गरिरहेकालाई एउटा निर्णयका भरमा पजनी गर्ने र आफ्ना मान्छेलाई सो ठाउँमा भर्ने दृश्य हरेक पटक देखिने घटना हो।

कांग्रेसका सञ्चार मन्त्री भएका समयमा प्रेस युनियन

*(बाँकी ५ पेजमा)*

# नारायणी नदीमा तटबन्ध निर्माण तीव्र गतिमा

नारायणगढ। चार वर्षअघि सम्झौता भएर सुस्त गतिमा काम भइरहेको नारायणी नदीमा तटबन्ध निर्माणले तीव्रता पाएको छ। समयमा काम हुन नसकेका आयोजनाको कामलाई पछिल्लो समय तीव्रता दिइएको हो।



गत वर्षको कात्तिकसम्म भौतिक प्रगति कमजोर भएका दुई निर्माण आयोजनाको कामले अहिले पनि गति पाएको हो। सम्झौता भएर पनि समयमा सम्पन्न हुन नसकेका प्रमुख दुई निर्माण यतिबेला अन्तिम चरणमा पुगेका छन्। चितवनको सिसै-भर्गौंडी बालुवा क्षेत्रको छ किलोमिटर तटबन्ध गत कात्तिकसम्म २४ प्रतिशत मात्र सम्पन्न भएको थियो। सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालयको सक्रियतासँगै अहिले ९० प्रतिशत भौतिक प्रगति हासिल भएको छ।

कार्यालयका प्रमुख डा. नारायणप्रसाद सुवेदीका अनुसार असार मसान्तसम्ममा ९० दशमलव ९३ प्रतिशत काम सम्पन्न भएको छ। उनले भने, ‘असार मसान्तभित्रै सक्ने लक्ष्य लिए पनि पेट्रोलियम पदार्थको मूल्य वृद्धिका कारण काम प्रभावित भयो।’ यस्तै नारायणी नदीपारि गैंडाकोटको कुसुमघाटबाट थुम्सीसम्मको तटबन्धको काम पनि ९९ प्रतिशत सकिएको सुवेदीले बताए।

कार्यालयका सूचना अधिकारी सागर पौडेलका अनुसार तीन वर्ष छ महिनासम्म ४७ प्रतिशत मात्र भएको निर्माण असार मसान्तसम्म आइपुग्दा ९९ प्रतिशत पुगेको छ। चितवनतर्फको काम विसं २०७९ असार १० गते शर्मा सगुन निर्माण कम्पनीसँग सम्झौता भई काम अघि बढेको थियो।

चितवनतर्फका सोही ठाउँका पाँच ठेक्कामध्ये चार वटा ‘प्याकेज’ मा काम सम्पन्न भइसकेका छन्। सिसै-भर्गौंडीको काम भने रोकिएको सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालयले जनाएको छ। सो ठाउँको तटबन्धको काम अहिले ९० प्रतिशत सकिएपछि बर्सात्मा आउने बाढीको जोखिम धेरै कम भएको छ। छ किलोमिटर लामो यो तटबन्ध रु ३७ करोडमा सम्झौता भएको हो। समस्या पहिचान गरी निरन्तर पहल गरेपछि कामले गति लिएको प्रमुख डा सुवेदीले बताए।

गैंडाकोटतर्फको कुसुमघाट-थुम्सी क्षेत्रको करिब पाँच किलोमिटर तटबन्धका लागि विसं २०७९ मङ्सिर १५ गते सम्झौता भएको थियो।

रु एक अर्ब नौ करोड लागतमा सम्झौता भएको तटबन्धको काम अहिले ९९ प्रतिशत भएको छ। कार्यालय प्रमुख डा सुवेदीले यो क्षेत्रमा दुबोको चपरी राख्ने र अन्य साना काम मात्र बाँकी रहेको बताए।

# भारतीय बिरामीको आँखा उपचार गन्तव्य ठोरी

भरतपुर। नेपालको सीमावर्ती गाउँमा सञ्चालनमा रहेको एउटा आँखा अस्पताल यतिबेला हजारौं भारतीय बिरामीको उपचार केन्द्र बनेको छ। पर्साको ठोरीमा रहेको भरतपुर आँखा अस्पतालमा उपचारका लागि आउने बिरामीमध्ये ९७ प्रतिशत भारतीय हुने गरेका छन्। अस्पताल नेपाल नेत्रज्योति संघ चितवनले सञ्चालन गरेको हो।

आफ्नै देशमा नजिक गुणस्तरीय आँखा उपचार सेवा नपाएपछि सीमापारिका भारतीय नागरिक उपचारका लागि नेपाल आउने गरेका हुन्। अस्पतालका प्रमुख दिपेश सुवेदीका अनुसार गत आर्थिक वर्षमा १४ हजार ५८१ जनाले सेवा लिएका थिए। तीमध्ये १४ हजार १८१ जना अर्थात् ९७ प्रतिशत भारतीय बिरामी छन्।

उनका अनुसार गर्मी याममा दैनिक ४० देखि ४५ जना र जाडो याममा करिब ८० जना बिरामी उपचारका लागि आउने गर्छन्। जाडोमा नियमित तथा गर्मीमा हरेक बिहीबार मात्रै अस्पतालमा शल्यक्रिया हुन्छ। अस्पतालले गत वर्ष ६२४ जनाको आँखाको शल्यक्रिया गरेको थियो।

गर्मी मौसममा शल्यक्रियापछि नुहाउन नमिल्ने र संक्रमणको जोखिम बढी हुने भन्ने गलत धारणा फैलिएकाले त्यस समयमा बिरामीको चाप केही घट्ने गरेको सुवेदीले बताए। नेपाल नेत्रज्योति संघ चितवन शाखाका सचिव केशव अधिकारीका अनुसार भारतका सीमावर्ती क्षेत्रबाट मात्र होइन, करिब १०० किलोमिटर टाढासम्मका बिरामी पनि उपचारका लागि ठोरी पुग्ने गरेका छन्। भारततर्फ नजिकै गुणस्तरीय आँखा अस्पताल नहुँदा दिल्लीलगायतका ठूला सहर पुग्नुपर्ने बाध्यता रहेका बिरामीका लागि ठोरी सहज विकल्प बनेको उनको भनाइ छ। ‘कम शुल्कमा गुणस्तरीय उपचार र छोटो दूरीमै सेवा पाइने भएकाले भारतीय बिरामीको आकर्षण बढ्दो छ’, अधिकारीले भने।

स्थानीय समुदायलाई लक्षित गरेर स्थापना गरिएको अस्पताल अहिले सीमापार स्वास्थ्य सेवाको सफल उदाहरण बनेको छ। अस्पतालले नेपाली र भारतीय दुवै समुदायका बिरामीलाई समान रूपमा सेवा दिँदै आएको छ। अस्पताललाई अब वातावरणमैत्री ‘ग्रिन अस्पताल’का रूपमा विकास गर्ने तयारी भइरहेको छ। दुई बिघा क्षेत्रफलमा कम्पाउण्ड निर्माणका साथै शल्यक्रियापछि बिरामी र कुरुवाका लागि बसोबास तथा भान्छासहितको सुविधा विस्तार गर्ने काम अघि बढाइएको अधिकारीले जानकारी दिए।






# स्वास्थ्य/खेलकुद



## भुइँकटहर खानुका यस्ता छन् ७ फाइदा

१. क्यान्सरबाट बचाउँछ :

भुइँकटहरमा ब्रोमेलेन नामक तत्व हुन्छ, जसले शरीरलाई क्यान्सरबाट बचाउन सहयोग गर्दछ। भुइँकटरहरमा क्यान्सर प्रतिरोधी गुण हुने विभिन्न अध्ययनहरुले देखाएका छन्।

२. हड्डी बलियो :

भुइँकटहरमा पर्याप्त मात्रामा म्याग्नेसियम, क्याल्सियम जस्ता लवण पाइन्छ जसले हड्डीलाई मजबुत राख्नमा मद्दत गर्दछ। ब्रोमेलेन यौगिकले हड्डीमा हुने विभिन्न खाले समस्याबाट बचाउँछ।



३.मधुमेह रोगलाई लाभदायक :

भुइँकटहरमा कम मात्रामा क्यालोरी हुन्छ र यसमा चिनीको मात्रा पनि कम हुन्छ। तसर्थ यसको सेवनले जिउमा चिनीको मात्रा बढाउँदैन। मधुमेहका रोगीले पनि भुइँकटहरको सेवन गर्नु फाइदाजनक हुन्छ।

४. हृदयरोगमा राहत :

मुटु सम्बन्धि विभिन्न रोगबाट ग्रसित मानिसहरुका लागि भुइँकटहरको सेवन लाभदायक हुन्छ। भुइँकटहरमा हुने तत्वले रगतमा हानिकारक एलडीएल कोलेस्ट्रोल कम गर्न सहयोग गर्छ। यसबाट उच्च रक्तचाप तथा मुटुरोगको जोखिम कम हुनुका साथै रोगीलाई समेत फाइदा हुन्छ।

५. पाचन क्रियाको सन्तुलन :

भुइँकटहरमा पर्याप्त मात्रामा फाइबर हुन्छ जसले पाचन क्रियालाई सहज बनाउँछ र खानेकुरा सजिलोसँग पचाउँछ। साथै यसले अनावश्यक अम्ललाई निस्कासन गर्न र ग्यास्ट्राइटिसको समस्या पनि कम गर्छ। यसले भोक कम गर्ने हुँदा मोटोपना घटाउन समेत सहयोग गर्छ।

६. अनुहारको चमक :

भुइँकटहरमा एन्टी अक्सिडेन्ट तत्व हुन्छ जसले बुढ्यौलीका लक्षणहरुलाई कम गर्ने, शरीरका कोषहरुको क्षयिकरण रोक्ने, अनुहारका दाग धब्बा तथा चाउरीपना कम गर्न सहयोग गर्छ। यसमा हुने भिटामिन सी ले कोलाजेन फाइबर बनाउन सहयोग गर्छ, जसले मांसपेशी र छालालाई स्वस्थ राख्दछ। यसमा हुने प्रोटिनले छालालाई चम्किलो बनाउँछ।

७. रोग प्रतिरोधी क्षमता बढाउन :

भुइँकटहरमा एन्टी फ्लेमेटरी, एन्टिअक्सिडेन्ट तत्व हुनुका साथै पर्याप्त फाइबर समेत हुन्छ। भुइँकटरहमा हुने भिटामिन सी जस्ता तत्वहरुले शरीरको रोग प्रतिरोधी क्षमतामा वृद्धि गर्न सहयोग गर्छ।

# स्कुटरसँग मोटरसाइकल ठोक्किँदा तीन जना घाइते

भरतपुर। भरतपुर महानगरपालिका वडा नं-१५, गाई अनुसन्धान केन्द्रनजिकै स्कुटरसँग मोटरसाइकल ठोक्किँदा तीन जना घाइते भएका छन्।

मङ्गलपुरबाट रामपुरतर्फ आउँदै गरेको बागमती प्रदेश ०६-०७ प ०४६१ इभी स्कुटर मोडिनेक्रममा सोही दिशाबाट आउँदै गरेको ना २४ प ६१९९ नम्बरको मोटरसाइकल ठक्कर खाँदा स्कुटर चालक भरतपुर-६ बस्ने ६५ वर्षीय अनिरुद्ध पौडेल, मोटरसाइकल चालक भरतपुर-८ बस्ने ३७ वर्षीय विकास नेपाली र मोटरसाइकलपछाडि सवार भरतपुर-१० बस्ने ४० वर्षीय अनिश केसी घाइते भएका हुन्।

घाइतेमध्ये केसीको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ। घाइतेहरुको नयाँ मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको र उपचारमा निजहरुका आफन्त संलग्न रहेका छन्। दुवै सवारीसाधन नियन्त्रणमा लिइएको प्रहरी चौकी रामपुरले जनाएको छ।

# ‘जनताको अपेक्षा पूरा गर्न कानुन संशोधन’

चितवन। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले जनताको चाहनाअनुरुप विकासका लागि आवश्यक कानुन संशोधन गर्नुपर्ने बताएकी छन्।

पत्रकारसँग सोमबार कुराकानी गर्दै उनले जनताको अपेक्षाअनुसार कानुन बनाउन नसक्दा योजना अनुसारका काम गर्न कठिनाइँ हुने बताइन्। उनले भनिन्, ‘नेतृत्वको चाहनाले होइन, जनताको सोचाइअनुसार कानुन बनाउन सकिएन भने परिणाम दिन कठिन हुन्छ।’

उनले आर्थिक वर्ष २०८३/०८४ लाई कानुन सुधार वर्षका रुपमा घोषणा गरेकाले १६६ वटा कानुन बनाउनुपर्ने बताइन्। उनले काममा बाधा पुग्ने कानुनलाई तत्काल संशोधन गरिने बताउँदै निजामती सेवामा ३० वर्षे सेवा र ५५ वर्ष उमेर हदको कुरा प्रक्रियामा रहेको बताइन्।

# चितवनमा फैसला कार्यान्वयन प्रभावकारी

चितवन। जिल्ला प्रहरी कार्यालय चितवनले अदालतको फैसला प्रभावकारीरूपमा कार्यान्वयन गर्दै आएको छ। विगत तीन आर्थिक वर्षमा फैसला कार्यान्वयनको क्रममा फरार प्रतिवादी पक्राउ पर्नेको संख्या बढ्दै गएको छ।

प्रहरीले अदालतको फैसला कार्यान्वयनका लागि गत आर्थिक वर्षमा ८७७ जना पक्राउ गरी जिल्ला अदातलमा पेस गरेको छ। पक्राउ परेकाबाट फैसला कार्यान्वयनका लागि १२२ वर्ष आठ महिना २० दिन कैद र रु छ करोड ७६ लाख ४७ हजार ६१९ जरिवाना असुल गरिएको कार्यालयका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलले जानकारी दिए।

उनका अनुसार आर्थिक वर्ष २०८१-०८२ मा फैसला कार्यान्वयनका लागि ५८३ जना पक्राउ गरिएको थियो। उनीहरूबाट १२७ वर्ष छ महिना तीन दिन कैद र रु दुई करोड ५८ लाख ७९ हजार ४१९ जरिवाना रकम असुल गरिएको थियो। यस्तै, आर्थिक वर्ष २०८०-०८१ मा ४५३ जनालाई पक्राउ गरी अदालतमा बुझाइएकामा १९६ वर्ष नौ महिना नौ दिन कैद र रु दुई करोड १४ लाख ९३ हजार ८५७ जरिवाना असुल गरिएको थियो।




# दुई दिनको बिदाले पर्यटकको आगमनमा वृद्धि

भरतपुर। सरकारले सातामा दुईदिन सार्वजनिक बिदाको व्यवस्था गरेसँगै चितवनका पर्यटकीय गन्तव्यमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढेको पाइएको छ। वर्षायामको परवाह नगरी आन्तरिक तथा विदेशी पर्यटकको आगमन बढेसँगै यहाँका पर्यटन व्यवसायी उत्साहित भएका छन्।

सौराहा, पटिहानी, जगतपुर, मेघौलीलगायत प्रमुख पर्यटकीय क्षेत्रमा विगतका वर्षको तुलनामा यस वर्ष पर्यटकको आगमन बढेको व्यवसायीहरूले बताएका छन्। आन्तरिक पर्यटकसँगै चिनियाँ र भारतीय पर्यटकको आगमन उल्लेख्यरूपमा पनि बढेको उनीहरूको भनाइ छ।



क्षेत्रीय होटल संघ चितवनका महासचिव महेश खनालका अनुसार वर्षायाममा सामान्यतया पर्यटकीय गतिविधिमा सहभागी हुने पर्यटकको हिस्सा करिब ३० प्रतिशत रहने गरे पनि यस वर्ष समग्र होटलको अकुपेन्सी करिब ५० प्रतिशत पुगेको छ। उनका अनुसार सातामा दुई दिन बिदा लागू भएपछि गत वर्षको यही अवधिको तुलनामा आन्तरिक पर्यटक करिब २५ प्रतिशतले बढेका छन्। विद्यालय तथा कलेजमा समेत बिदा परेकाले आन्तरिक पर्यटन थप चलायमान भएको उनले बताए।

भारतीय पर्यटकको संख्या पनि बढ्दोक्रममा रहेको उनले जानकारी दिए। सडक पूर्वाधारका कारण अपेक्षाअनुसार पर्यटक भित्रिन नसकेको उल्लेख गर्दै आउन चाहेका केही आन्तरिक तथा विदेशी पर्यटक अन्य गन्तव्यतर्फ गएको उनको भनाइ छ। पोखरालगायत पहाडी गन्तव्यमा भारतीय पर्यटकको आगमन उल्लेख्य रहेको उनले बताए।

केही वर्षअघिसम्म वर्षायाममा सौराहाका कतिपय होटल बन्द हुने अवस्था रहे पनि पछिल्ला वर्षमा होटल व्यवसाय विस्तार भएसँगै वर्षायामलाई लक्षित गरी बजार प्रवर्द्धनसमेत गर्न थालिएको छ। क्षेत्रीय होटल संघ चितवनका पूर्वअध्यक्ष तथा होटल संघ नेपालका केन्द्रीय सदस्य सुमन घिमिरेले सातामा दुई दिनको बिदाले पर्यटन क्षेत्र प्रत्यक्षरूपमा लाभान्वित भएको बताउँछन्। उनका अनुसार दुई दिनमध्ये एकदिन पर्यटकको चाप कम भए पनि अर्को दिन उल्लेख्य वृद्धि हुने गरेको छ।

केही दिनअघि भारतको कोलकाता भ्रमणका क्रममा त्यहाँका पर्यटन व्यवसायीले नेपाललाई यस वर्ष आकर्षक गन्तव्यका रूपमा लिन थालेको जानकारी दिएका उनले बताए। भारतीय सरकारले विदेशी मुद्रा सञ्चिति बढाउने नीति अवलम्बन गरेको, मध्यपूर्वमा जारी द्वन्द्वका कारण अन्य गन्तव्यप्रति आकर्षण घटेको तथा थाइल्यान्डले भिसा प्रक्रियामा कडाइ गरेकाले भारतीय पर्यटकले नेपाल रोज्न थालेका उनको विश्लेषण छ। यसको प्रभाव सौराहामा पनि परेको उनले बताए। सडकलगायत भौतिक पूर्वाधार भएमा अझ धेरै पर्यटक आकर्षित हुने उहाँको ठम्याइ छ।

क्षेत्रीय होटल संघ चितवनका पूर्वअध्यक्ष दीपक भट्टराईले पनि दुईदिने बिदाका कारण अघिल्ला वर्षको तुलनामा यो वर्ष पर्यटक बढेका बताए। दुई दिन बिदा हुँदो आन्तरिक पर्यटकको आगमन बढेको उनको अनुभव छ।

दुईदिने सार्वजनिक बिदाको प्रभाव जिल्लाका अन्य पर्यटकीय गन्तव्यमा पनि परेको छ। पटिहानीस्थित होटल जङ्गल भिल्लाका सञ्चालक गणेश पौडेलले गत वर्षको तुलनामा यस वर्ष पर्यटक बढेका र त्यसको प्रमुख कारण दुईदिने बिदा भएको बताए।

सौराहामा हाल १४१ होटल सञ्चालनमा छन्। पश्चिम चितवनका पटिहानी, जगतपुर र मेघौलीमा पनि सुविधासम्पन्न होटल छन्। यिनको दैनिक १० हजार पर्यटकलाई सेवा गर्नसक्ने क्षमता छ। चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती सामुदायिक वनमा एकसिङ्गे गैंडा, पाटेबाघलगायत वन्यजन्तु हेर्न जिप सफारी, हात्ती सफारी, डुङ्गा सयर गर्न स्वदेशी तथा विदेशी पर्यटक आउने गरेका छन्।


फोन : ९८४६४७५३४१ ९८४६८५२९१५

**गोरखा फेन्सी**

भरतपुर-११, बसेनी



हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ।



**बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.**

भरतपुर, चितवन, मो. ९८४५०६७४१४

ना ४२ प १९९७

**हाम्रा सेवाहरू :**

ना ४२ प १९९७

नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ्ग कार्ड

बिल/रसिद | विवाह कार्ड | नाईलन छाप

कम्प्युटर टाईपिङ | बुक सेटिङ्ग/छपाई | म्यागजिन डिजाईन

यहाँ नम्बर प्लेट बनाइन्छ।

पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ...।


# फिल्म/मनोरञ्जन

## १० दिनमा "गौंथली" साढे ७ करोड नजिक

काठमाडौं। गीतकार तथा स्त्रीरोग विशेषज्ञ डा. भोला रिजालका छोरा डा. कपिल रिजालको निर्देशनमा बनेको फिल्म 'गौंथली'ले घरेलु बक्स अफिसमा आक्रामक व्यापार गरेको छ। साउन १ गतेबाट प्रदर्शनमा आएको फिल्मले १० दिनमा साढे ७ करोड नजिक व्यापार गरेको चलचित्र विकास बोर्डको तथ्यांकमा देखिन्छ। फिल्मको यो कमाइ हिजो आइतबार (१० साउन)सम्मको हो।

यस फिल्मले प्रदर्शनयताकै सबैभन्दा उच्च व्यापार गत शनिबार गरेको थियो। त्यसदिन फिल्मको कमाइ १ करोड ६५ लाखमाथि थियो। यो यस वर्ष नेपाली फिल्मले गरेको सर्वाधिक एकदिने कमाइ हो। हिजो आइतबार पनि फिल्मले लगभग डेढ करोडको व्यापार गऱ्यो। फिल्मको व्यापारिक रफ्तार हेर्दा यसै साता १० करोडको आँकडा पार हुने देखिन्छ।

टिकट संख्या २,६०,२५४




आर्थिक आम्दानी रु. ७,४२,७३,८५९.१४

टिकट संख्या ७१,४७३




आर्थिक आम्दानी रु. १,७८,५१,६९८

टिकट संख्या ४४२




आर्थिक आम्दानी रु. १,००,१९५.६४

१० दिनको अवधिमा फिल्मका २ लाख ६० हजार २५२ वटा टिकट बिक्री भएका छन्। योसँगै 'गौंथली' यस वर्षको सर्वाधिक कमाइ गर्ने दोस्रो फिल्म बनेको छ। पहिलो स्थानमा 'जात्रा' समूहको फिल्म 'लालीबजार' छ, जसले ९ करोड ३२ लाख रुपैयाँ ग्रस व्यापार गरेको थियो। यो फिल्मको रेकर्ड 'गौंथली'ले यसै साता तोड्ने निश्चित देखिएको छ।

बोर्डले 'गौंथली'सँगै अन्य दुई फिल्म 'रोल नं. १' र 'भागदौड'को पनि कमाइ विवरण सार्वजनिक गरेको छ। जसमा 'रोल नं. १'ले १० साउनसम्म ७१ हजार ४७३ वटा टिकट बिक्री गर्दै १ करोड ७८ लाख ५१ हजार ६९८ रुपैयाँ ग्रस कमाइ गरेको देखिन्छ। 'भागदौड'ले भने सोही अवधिसम्म १ लाख १९५ रुपैयाँ कमाइ गरेको छ। यो यस वर्षको सबैभन्दा कम कमाउने फिल्म हो।

## विशेष शोमा "हली"को प्रशंसा

काठमाडौं। यही साउन २२ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'हली'ले विशेष शोमा सकारात्मक प्रतिक्रिया पाएको छ। शनिबार काठमाडौंको कमलपोखरीस्थित बिग भुमिजमा आयोजित विशेष प्रदर्शनीमा सहभागी विभिन्न क्षेत्रका व्यक्तिहरूले फिल्मको कथावस्तु, प्रस्तुति र कलाकारहरूको अभिनयको खुलेर प्रशंसा गरे। फिल्मले समाजमा गहिरो सन्देश दिने अधिकांशको प्रतिक्रिया थियो।

ओम प्रतीकको लेखन तथा निर्देशनमा बनेको यस फिल्ममा सरोज खनाल, प्रमोद दीप, अरुणा कार्की, अर्जुन गुरुङ, विद्या कार्की, विशाल पहाडी, कमल गाउँलेलगायतका कलाकारहरूले अभिनय गरेका छन्। निर्देशक प्रतीक स्वयंको पनि फिल्ममा मुख्य भूमिका रहेको छ। फिल्मको एक गीतमा दीपाश्री निरौला, दीलिप रायमाझी, प्रियंका कार्की र पूजा शर्माले नृत्य गरेका छन्।

जापुरा फिल्म्स प्रोडक्सन र शुभ चिरायू फिल्म्सको




छाउपडी प्रथाजस्तो संवेदनशील विषयलाई मजबुत कथावस्तुमार्फत पर्दामा उतारिएको भन्दै दर्शकहरूले निर्माता-निर्देशकलाई धन्यवाद पनि दिए। दर्शकको अनपेक्षित माया र सकारात्मक प्रतिक्रियाबाट निर्माण टिम उत्साहित देखिएको छ। निर्माताद्वय पूजा गुरुङ र जशिमन श्रेष्ठले विशेष शोको प्रतिक्रियाले थप हौसला मिलेको बताए।

सहकार्यमा निर्माण भएको फिल्मको कार्यकारी निर्मातामा अर्जुन भुसाल रहेका छन् भने नम्रता भण्डारी सह-निर्मातामा छिन्। फिल्ममा राहुल राईको छायांकन, रामप्रसाद चौधरी र विपिन मल्लको सम्पादन, शम्भुजित बास्कोटा, बाबुल गिरी र कृष्ण भारद्वाजको संगीत तथा कुमार महर्जनको द्वन्द्व निर्देशन रहेको छ। - फिल्मीखबरबाट।


मो. ९८५५०८२३८८, ९८०७२०८०८१

**मनछानी कृषि फर्म**



मेकना तामाङ
प्रोप्राइटर

भरतपुर-२१, रतनपुर, चितवन



उन्नत जातका बाख्रा, हाँस, कुखुरा, पाडा तथा पाल्तु जनावरहरु खरिद तथा बिक्री गरिन्छ।

# आठ हजार महिलाले लिए सुत्केरी सेवा

भरतपुर। प्रसूति गराउनेको पहिलो रोजाइ भरतपुर अस्पताल हुने गरेको छ। पहिले-पहिले टाढाटाढाबाट सुत्केरी गराउन आउने गरेकामा स्थानीयस्तरमा अस्पतालहरू खुलेपछि टाढाका बिरामीको संख्या घटे पनि स्थानीयको पहिलो रोजाइ भरतपुर अस्पताल बन्ने गरेको छ।

प्रसूति सेवामा नेपालमा नै अग्रणी अस्पतालको रूपमा भरतपुर अस्पताललाई लिने गरिन्छ। सरकारी अस्पताल भएर सुत्केरी गराउन आउनेले विशेषज्ञ चिकित्सक र अनुभवी नर्सिङ सेवाका कारण सकेसम्म अधिकांशले भरतपुर अस्पतालमा शिशु जन्माउन चाहन्छन्। अस्पतालका प्रवक्ता एवं वरिष्ठ प्रसूति रोग विशेषज्ञ सह प्रध्यापक डा रामप्रसाद सापकोटा गत आर्थिक वर्षमा सात हजार ८५३ जना महिलाले अस्पतालबाट प्रसूति सेवा लिएको बताउँछन्।

उनका अनुसार तीमध्ये चार हजार २३५ जनाको सामान्यस्तरबाट शिशुलाई जन्म दिइएको छ भने तीन हजार ५४० जनाको शल्यक्रिया गरेर शिशुलाई जन्म दिइएको छ। ७० जनाको भ्याकुम र फोर्सएप नामक उपकरण प्रयोग गरेर शिशुलाई जन्म दिइएको छ।

अघिल्लो आर्थिक वर्षमा आठ हजार ४२० जना आमाले भरतपुर अस्पतालमा प्रसूति सेवा लिएका थिए। तीमध्ये तीन हजार ८२५ जनाको शल्यक्रिया गरेर शिशुलाई जन्म दिइएको हो भने चार हजार ४०८ जनाको सामान्य तरिकाले शिशुलाई जन्म दिइएको छ। १८७ जना आमाको उपकरण प्रयोग गरी शिशुलाई जन्म दिइएको हो। गतवर्ष ४५ प्रतिशतको शल्यक्रिया गर्नुपरेको थियो भने अघिल्लो आर्थिक वर्षमा



यो प्रतिशत ४५ दशमलव ४ रहेको थियो। जटिल प्रकृतिका धेरै हुने भएकाले शल्यक्रियाको प्रतिशत अस्पतालमा बढी हुने गरेको उनको भनाइ छ।

अस्पतालमा १० जना विशेषज्ञ चिकित्सक र २९ जना नर्सिङ सेवाका तालिम प्राप्त कर्मचारी रहेका छन्। जसका कारण सुत्केरी गराउनेलाई अन्यत्रभन्दा सहज हुने गरेको उहाँको भनाइ छ। अस्पतालमा नै २० शय्याको बाल सघन उपचार कक्ष र चार शय्याको कङ्गारु मदर केयरसमेत रहेको छ। अस्पतालमा दक्ष नर्स र मिड वाइफले मात्र बच्चा निकाल्न सहयोग गर्ने पाँच शय्याको बर्थिङ युनिटसमेत छ। प्रसूति सेवामा यस अस्पताललाई प्रसूति गृहपछिको व्यवस्थित र विश्वासिलोरूपमा लिने गरिन्छ।

विगतका वर्षका तुलनामा पछिल्ला वर्षहरूमा सेवाग्राहीहरूको संख्या क्रमश घट्दो छ। यसको कारण नवलपरासी, गोरखा, तनहुँ र मकवानपुरजस्ता धेरै बिरामी आउने गरेका जिल्लामा अस्पतालबाट दिइने सेवामा विस्तार गरी प्रसूति सेवा दिन थालिएको सापकोटा बताउँछन्। प्रसूति सेवालाई अस्पतालले उच्च प्राथमिकता दिएर जिल्लामा नै सेवा दिन थालेपछि बाहिरी जिल्लाका बिरामी घटेको उनको भनाइ छ।

जटिल अवस्थामा भएका भने रिफरल भएर र स्वयं भरतपुर अस्पताल आउने गर्दछन्। अस्पतालमा बाल सघन उपचार कक्षको शय्या धेरै भएकाले जटिल समस्या देखिन सक्ने गर्भवतीलाई भरतपुर अस्पताल पठाउने गरिन्छ। त्यस्ता गर्भवतीको सङ्ख्या भने बढ्दो रहेको उनी बताउँछन्।

भरतपुर अस्पताल संघीय अस्पताल हो। यो अस्पतालमा टाढाटाढाबाट बिरामी आउने गरेका छन्। हिजोआज दैनिक तीन हजारभन्दा बढी बिरामीले अस्पतालबाट बहिरङ्ग सेवा लिँदै आएका छन्।

## होस्टल ...

सञ्चालनका लागि १४ बुँदे कार्यविधि तयार गरेको छ।

यसमा लागूपदार्थ, मदिरा तथा सुर्तीजन्य वस्तु ओसारपसार वा सेवन गर्न नपाइने प्रावधान छ। उल्लङ्घन भएमा सञ्चालक र प्रयोगकर्ता दुवैलाई कारबाही गरिने छ। सञ्चालकको उमेर कम्तीमा ३० वर्ष हुनुपर्ने, अनुमति प्राप्त गरेको मितिले ६ महिनाभित्र सञ्चालन गर्नुपर्ने, छात्रछात्राको प्रवेश-निर्गमन समय स्पष्ट हुनुपर्ने, लगबुक राख्नुपर्नेजस्ता प्रावधान कार्यविधिमा उल्लेख छन्।

हाल भरतपुर महानगरको राजस्वमा ६६ वटा छात्रावास दर्ता छन् भने होस्टल एसोसिएसन चितवनमा ३३ मात्र आबद्ध छन्। प्रशासनले चेतावनी दिएको १५ दिनभित्र प्रतिवेदन तयार भएपछि नियमनको ठोस आधार तय हुने अपेक्षा गरिएको छ।

## ३४ परिवारलाई ...

रहेका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सबै पालिकासँग समन्वय गरेर प्रक्रिया पुगेकालाई तत्काल लालपुर्जा वितरण गरिने र प्रक्रिया नपुगेकाको प्रक्रिया पूरा गर्न लाग्ने बताए। सबै पालिकामा नाप नक्सा, दर्ता, प्रमाणीकरणलगायतका काम भइरहेको उनले बताए। जिल्लामा ४२ हजार जनाको निवेदन परेको उनको भनाइ थियो।

गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरूङले जग्गाधनी प्रमाणपत्र पाउनेमा चार घर भूमिहीन दलित र ३० घर भूमिहीन सुकुमबासी रहेको बताए। सोही टोलका ३८ घरको लालपुर्जा तयार भएकोमा फोटो टाँस्नुपर्ने जग्गाधनी बाहिर भएकाले उनीहरु आएपछि लालपुर्जा वितरण गरिने बताए। गाउँपालिकामा अझै ८० घर भूमिहीन दलित, ७७१ घर भूमिहीन सुकुमबासी र दुई हजार ९३० अव्यवस्थित बसोबासी रहेका छन्।

सो अवसरमा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीसहित इच्छाकामनाका सातवटै वडाका वडाध्यक्षको उपस्थिति रहेको थियो।

Babilal Tamang
: 9845067414
newsprabah.com
न्यूजप्रवाह साप्ताहिक Newsprabah weekly
B. & B. MEDIA NETWORK Pvt. Ltd.
Narayangarh, Chitwan, Off.: 9827201714
Services :
Advertisement | Bill / Rasid print | Visiting card
Color Print | Wedding Card | Magzine Design
Computer Type | Pri-ink Nylon Stamp | Number Plate
All Kinds of Printings and Advertisement Purpose.
: blglan530265@gmail.com, newsprabah@gmail.com

## ३ हजार ...

संघसंस्थाले आफ्नो विशेष दिन पारेर रक्तदान कार्यक्रमसमेत आयोजना गर्दै आएका छन्।

साथै, बाहिर गएर पनि रगत संकलन गर्ने गरिएको केन्द्रका अधिकारी बाँस्तोलाले जानकारी दिए। अस्पतालका बिरामीलाई यहाँ सङ्कलन भएको रगतले नपुग्ने भए पनि केही हदसम्म आकस्मिक अवस्थामा सहयोग पुगेको उनको भनाइ छ। अस्पतालले बाँस्तोलाको नेतृत्वमा प्राविधिक र सहयोगी गरी पाँच जनाको टिमलाई रगत संकलनमा खटाउँदै आएको छ।

## ३२औं ...

झल्काउने मौलिक पोशाक लगाएर उपस्थित हुन आग्रह गरिएको छ।

महासंघले जिल्लामा क्रियाशील सबै आदिवासी जनजातिका जातीय संस्था, प्रतिनिधि तथा समुदायका सदस्यलाई कार्यक्रम सफल बनाउन सक्रिय सहभागिताका लागि आह्वान समेत गरेको छ।

नेफिनले विश्व आदिवासी दिवस आदिवासी जनजातिको पहिचान, भाषा, धर्म, संस्कृति तथा मौलिक अधिकारप्रति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यका साथ हरेक वर्ष मनाइँदै आएको छ। यस वर्ष पनि दिवसका अवसरमा विविध सांस्कृतिक प्रस्तुति, परम्परागत झाँकी तथा समुदायबीच एकता र सहकार्यको सन्देश प्रवाह गर्ने कार्यक्रम समावेश गरिने तयारी गरिएको महासंघले जनाएको छ।

**सालिक तोडफोडप्रति गम्भीर ध्यानाकर्षण**

लमजुङको मध्यनेपाल नगरपालिका-४, रम्घास्थित भानुघाँसी पार्कमा आदिकवि भानुभक्त आचार्य र घाँसी खड्कबहादुर ठाडामगरको सालिक तोडफोड गरिएको घटनाप्रति नेपाल आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद चितवनको गम्भीर ध्यानाकर्षण भएको छ।

आइतबार महासंघका अध्यक्ष सागर कुमाल र सचिव मिलन थापा मगरद्वारा हस्ताक्षरित विज्ञप्ति जारी गर्दै गत साउन ७ गते अज्ञात समूह वा व्यक्तिद्वारा गरिएको उक्त तोडफोडको घोर भर्त्सना गरिएको हो।

महासंघले यो घटना केवल दुई व्यक्तिको सालिकमाथिको आक्रमण मात्र नभई नेपालको साझा इतिहास, साहित्य, संस्कृति, राष्ट्रिय सम्पदा तथा सामाजिक सद्भावमाथिकै प्रहार भएको ठहर गरेको छ। नेपाली समाजमा भाषा, साहित्य, श्रम र समानताको सन्देश प्रवाह गर्ने महान् व्यक्तित्वहरूमाथि गरिएको यस्तो अमानवीय र गैरजिम्मेवार कार्य कुनै पनि सभ्य समाजका लागि स्वीकार्य हुन नसक्ने विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिमा भनिएको छ, ' विशेषगरी श्रमको सम्मान, आत्मनिर्भरता र सामाजिक प्रेरणाका प्रतीकका रूपमा चिनिने घाँसी खड्कबहादुर ठाडामगरको योगदान तथा आदिकवि भानुभक्त आचार्यको नेपाली भाषा(साहित्यमा रहेको अतुलनीय योगदानप्रति गरिएको यस्तो अनादरले सम्पूर्ण नागरिकलाई दुःखी र चिन्तित बनाएको छ।'

महासंघले नेपाल सरकार, गृह प्रशासन तथा सम्बन्धित सुरक्षा निकायसँग घटनाको तत्काल निष्पक्ष र गहिरो अनुसन्धान गरी दोषीहरूलाई कानुन बमोजिम कडा कारबाही साथै, क्षतिग्रस्त सालिकहरूको यथाशीघ्र पुनःस्थापना गर्न र यस्ता ऐतिहासिक, सांस्कृतिक तथा सार्वजनिक सम्पदाको प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन जोडदार माग गरेको छ।

## कठै ! ...

नामक भातृसंस्थाले जिल्ला जिल्लादेखि लिएर काठमाडौंसम्म आफ्ना सदस्यहरुको जागीरको भागवण्डा लगाउदै आएको थियो। यता एमालेका सञ्चार मन्त्री हुँदा प्रेस चौतारी नामक भातृ संस्था नियुक्तिका सल्बलाउँथ्यो। माओवादीका सञ्चार मन्त्री हुँदा पहिलेको क्रान्तिकारी पत्रकार संगठन वा अहिलेको प्रेस सेन्टर बहुतै सल्बलाउने गरेको तथ्य शायद कसैले बिर्सिएका छैनन।

अहिले पनि सरकारले त्यही गरिरहेको छ। आफूलाई उत्पातै नयाँ गर्ने भन्ने यो सरकारले पनि गर्ने उहि तरिका हो। भर्ती गर्ने हुने भनेका कार्यकर्तानै हुन्।

तर मलाई घोर चकित पार्ने घटना चाहि विगतमा आफूले गरेको त्यस्तै नियुक्तिमा जिन्दगीमा पत्रकारिताको नाममा समाचारनै नलेखेकालाई समेत नियुक्त गर्नेहरु अहिले विरोध गरेको देख्दा हो। केही दिन अघि प्रेस युनियन, जो कांग्रेस निकट हार्डकोर पत्रकारहरुको संस्था हो।

युनियनका अध्यक्ष शिव लम्सालले पुराना पत्रकारहरुको रोजीरोटी खोसिएको भन्दै विरोध विज्ञप्ती जारी गरे। हिजोका दिनमा त्यही पोष्टमा कांग्रेस निकट पत्रकारहरु राख्न एमाले, माओवादी निकटलाई गलहत्याइएको थियो। अनि एमाले र माओवादीले पनि कांग्रेस निकट पत्रकारहरुलाई हटाएर आफ्ना कार्यकर्ता पत्रकार नियुक्त गरेका थिए। यो चक्रीय प्रणाली २०४८ सालदेखिनै घुमिरहेको छ।

पत्रकार महासंघ जस्तो छाता संगठन हुँदाहुँदै २०४८ जेठमा कांग्रेसको भातृ संस्थाको रुपमा प्रेस युनियन गठन हुनुको कारण सरकारी सञ्चार माध्यममा हुने नियुक्ति भागबण्डा लगाउनु मात्रै थियो। पछि २०५३ मा एमाले निकट पत्रकारहरुले प्रेस चौतारी पनि त्यस्तै कामका लागि खोले।

माओवादीले क्रान्तिकारी पत्रकार संगठन खोलेको पनि पत्रकारहरुको हकहितका लागि भन्दा सरकारी सञ्चार माध्यममा आफू निकटलाई जागिर ख्वाउनका निम्ति थियो।

सरकारी सञ्चार माध्यमहरु झर्रो नेपाली शव्दमा भन्नुपर्दा ' बाटाको मादल' जस्तो भएका छन्। को कतिखेर आउँछ, ड्याम्म मादल ठोक्छ र हिँड्छ ठेगान छैन। त्यहाँ अधिकांशमा पत्रकारिता गर्न होइन, जागिर खाने मानसिकताले गाँजेको छ। नत्र भने राससका पत्रकार किन समाचार लेख्न छाडेर राष्ट्रपतिको सल्लाहकार, प्रधानमन्त्रीको प्रेस सहयोगी, मन्त्रीको सल्लाहकार टिममा जागीर खान जान्छन् ? पत्रकार भएपछि त समाचारलाइ नै कर्मक्षेत्र बनाएर रमाउन पर्ने होइन र ?

मन्त्रीले पनि आफ्नो कार्यकाल छउन्जेलका लागि कार्यकर्तालाई अमेरिकी जनजीब्रोको शव्द 'इजीमनी' जागिर दिने पद्धती केही दशकदेखि बस्दै आएको हो। इजीमनी भनेको कुनै परिश्रम बिना सित्तैमा अर्थात सजिलोसँग पाइने रकम हो।

प्रेस युनियन, प्रेस चौतारीले पजनीको विरोध गरेको देख्दा उनीहरुको विगत फर्किएर हेर्न सुझाव दिन मन लाग्यो। जुन संगठनको भरजन्म अर्जुनदृष्टिनै सरकारी सञ्चारमाध्यममा नियुक्ति दिलाउने रह्यो, तिनले विरोध गरेको देख्दा चकित पर्नुभन्दा अर्को बाँकी केही रहेन।

यिनले आफ्नो सत्ता र शक्ति हुँदा गर्नु पर्ने के गरेनन् र नगर्नुपर्ने के गरियो भनेर ऐना हेरुन्। कांग्रेस, एमाले, माओवादीका पत्रकार भातृ संस्थाका होल टाइमर कार्यकर्ताहरुले पत्रकारिता गरेनन्, तर पत्रकारिता बाहेक सबथोक गरेका छन्। भरखरै चौतारीका एक नेता बहुविवाहमा जेल परेका छन्। अब यो भन्दा बाहेक के भनिरहनु पर्ला र ?

विज्ञापन गर्नु परेमा
सम्पर्क :
९८४५०६७४१४
९८०९२५८००६

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**आकस्मिक एम्बुलेन्स सेवा**

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

**अस्पताल काठमाडौं**

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

**अस्पताल चितवन**

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

**प्रहरी प्रशासन**

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

**पत्रपत्रिका/सञ्चार**

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

न्यूजप्रवाह साप्ताहिक Newsprabah weekly

# साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** — यो साता धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। शेयर बजार तथा आर्थिक कारोबारमा सफलता मिल्नेछ। टाढा रहेका साथीभाइहरूसँग मनोरञ्जक भेटघाट हुनेछ। नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ।

**वृष** — यो साता प्यारो साथी सँग भेट हुनेछ। रमाइलो यात्राको योग रहेको छ। साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ। विपरीत वर्ग प्रति आकर्षण बढनेछ।

**मिथुन** — यो साता रमणीय, सुखद र धार्मिक यात्राको योग छ। इष्टमित्र एवं साथीभाइहरूसँग भेटघाट हुनेछ। सामाजिक कार्यमा रुचि बढनेछ। शुभकार्यको चर्चा पनि चल्नेछ। मध्य सातामा मन खिन्न हुने स्थिति आउनेछ र बढी धन खर्च होला।

**कर्कट** — यो साता नसोचेको ठाउँबाट धनागम हुनेछ। आज धार्मिक कार्यमा रुचि बढनेछ। शेयर बजारको लगानी र कारोबारमा सफलता मिल्नेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। जुक्ति र बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ।

**सिंह** — रोकिएका काम पुनः सुरु हुन सक्छन। कार्य सम्पादनमा सहजता मिल्नेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ र शुभ कार्यको योजना समेत बन्नेछ। साताको उत्तरार्ध बाट नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। गरेका काममा पनि ढिलासुस्ती हुने देखिन्छ।

**कन्या** — यो साता रमणीय र सुखद यात्राको योग छ। कहींकतैबाट कुनै उपहार प्राप्त होला। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ।

**तुला** — यो साता शैक्षिक क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ। नयाँनयाँ व्यक्तिसँग भेटघाट हुने छ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ। यो साताका लागि शुभ अङ्क २,५ र शुभ रङ्ग पहेँलो वा सेतो हो।

**वृश्चिक** — आफूलाई कमजोर भएको अनुभूति हुनेछ। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला। ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। साताको उत्तरार्ध बाट नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ। साझेदारीको कार्यबाट राम्रो प्रतिफल प्राप्त मिल्नेछ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ।

**धनु** — यो साता नयाँ कार्यको थालनी हुनेछ। अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ। रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ। अरूलाई प्रभावित पारेर काम बनाउन सकिनेछ। सहयोगीहरूले काममा साथ दिनेछन।

**मकर** — शुभ समाचार सुन्न पाइएला। छोटो दुरीको लाभदायक यात्रा हुनेछ। उन्नति एवं प्रगतिको वातावरण बन्नेछ भाग्यले विभिन्न अवसर जुराउनेछ। मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ।

**कुम्भ** — यो सातामा नयाँ कार्यको प्रारम्भ गर्न सकिनेछ। माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन। पारिवारिक भेटघाट हुनुका साथै इस्टमित्रहरूसँग पनि मेलमिलाप हुनेछ।

**मिन** — यो साता नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। निर्णायक क्षमतामा कमी आउनेछ। भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला। मध्य साताबाट भने लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ। शुभकार्यको चर्चा चल्नेछ।

# दूध अभावमा तीन महिनादेखि चितवन मिल्क बन्द

भरतपुर। दूधको अभाव भएपछि यहाँको चितवन मिल्क उद्योग तीन महिनादेखि बन्द रहेको छ। डेरी र सहकारीहरूले ल्याएको दूध प्रशोधन गरेर पाउडर र नौनी उत्पादन गर्दै आएको उद्योग दूध नआएपछि बन्द भएको हो।

उद्योगले डेरी र सहकारीहरूले मौज्दात नभएको भन्दै उनले पाउडर दूध एक हजार बोरा बाँकी रहेको बताए।

विगत वर्षहरूमा यतिबेला ५०० टन नौनी र छ हजार बोरा हाराहारी पाउडर दूध मौज्दात हुने गर्दथ्यो। चितवन, मकवानपुर, नवलपरासी, रूपन्देहीलगायत जिल्लाबाट यहाँ आफूहरू रहेको पराजुली बताउँछन्। उद्योगमा ३३ जना कर्मचारी कार्यरत छन्। विसं २०६४ मा स्थापना भएको सो उद्योग २०७२ सालमा आएको भूकम्पसँगै बन्द भएको थियो। बन्द हुनुअघि उद्योग आफैँले दूध खरिद गरेर प्रशोधन गरी बजारमा बिक्री गर्दै आएको प्रबन्धक पराजुलीले बताए।



ल्याएको दूध निश्चित शुल्क लिएर प्रशोधन गर्दै आएको थियो। उद्योगका प्रबन्धक दुर्गा पराजुलीका अनुसार गत वर्षमा असार र साउनमा दूधको अभावमा बन्द हुने गरेको भए पनि यस वर्ष वैशाखबाट नै उद्योग बन्द भएको हो।

उद्योगमा डेरी र सहकारीले राखेको नौनी र पाउडर दूध सकिने अवस्थामा पुगेको छ। नौनी खासै दूध आउने गर्दछ।

भरतपुर महानगरपालिका-१ ठिमुरामा उद्योग रहेको छ। विसं २०७५ देखि उद्योगले डेरी र सहकारीको दूध शुल्क लिएर प्रशोधन गर्ने काम गरिरहेको छ। प्रतिलिटर पाउडर दूधको रु ११३ र घ्यू (बटर) को प्रतिकिलो रु ५५ लिएर उद्योगले प्रशोधन गर्दै आएको छ। भदौबाट दूध आउने प्रतीक्षामा

जिल्ला दुग्ध उत्पादक सहकारी संघ चितवनका अध्यक्ष किशोर बगालेका अनुसार भारतीय सीमा क्षेत्रबाट दूध भारततर्फ गएकाले नेपालमा दूधको सञ्चिति नभएको हो। भारतमा अहिले दूधको अभाव छ। यहाँको दूधले बजार पाइरहेको छ। जसका कारण प्रशोधनका लागि दूध अभाव छ। किसानले राम्रो मूल्य पाएको उनले बताए।

# दुई हजार एम्बुलेन्सलाई नवीकरणमा रोक

भरतपुर। नवीकरण हुन नसक्दा देशभरका दुई हजार एम्बुलेन्स थन्किएका छन्। स्वास्थ्य ऐन, २०७५ ले स्वास्थ्य संस्थाबाहेकलाई एम्बुलेन्स सञ्चालन गर्न रोक लगाएपछि नवीकरण हुन नसकेर ती एम्बुलेन्स थन्किएका हुन्।



संयुक्त एम्बुलेन्स चालक संघ नेपाल (ट्रेड युनियन संघ) का अध्यक्ष नवराज लामिछानेका अनुसार स्वास्थ्य संस्थाबाहेकले सञ्चालन गरेका एम्बुलेन्स नवीकरण भएका छैनन्। यो संख्या अरु थप एक हजार ५०० रहेको उनले जानकारी दिए।


देशभरमा छ हजार हाराहारी एम्बुलेन्स रहेको तथ्यांक छ। तीमध्ये स्वास्थ्य संघ संस्थाले सञ्चालन गरेका एम्बुलेन्स नवीकरण भएका छन् भने गैरसरकारी संस्था र निजी क्षेत्रले सञ्चलान गरेका एम्बुलेन्स सञ्चालन हुन नसकेका हुन्।

ऐन आएदेखि नै निरन्तररुपमा संशोधनका लागि सरकारी तवरमा पहल गर्ने काम भइरहेको अध्यक्ष लामिछानेले जानकारी दिए। तत्कालीन स्वास्थ्यमन्त्री डा. सुधा शर्मालाई उक्त समस्याबारे अवगत गराएको अध्यक्ष लामिछाने बताउँछन्। नयाँ सरकार गठन भएपछि स्वास्थ्य मन्त्रीसमक्ष आफ्ना समस्या राख्ने तयारीमा आफूहरु रहेको उनको भनाइ छ।

ऐन संसोधन नभएमा धेरै एम्बुलेन्स थन्किने र आमनागरिकले सहजरूपमा सेवा पाउन कठिन हुने उनले बताए। अध्यक्ष लामिछानेले भने, 'मानवतासँग प्रत्यक्ष जोडिएकाले यस विषयलाई नयाँ सरकारले गम्भीरताका साथ हेर्नुपर्छ।' यसबाट चालकको रोजगारी समेत गुमेको उनले बताए।


## धार्मिक तथा पर्यटकीय स्थलको अवलोकन गरौं।

● इच्छाकामना मन्दिर। ● लामो झरना। ● उपरदाङगढी। ● बालगौरी पाथिभरा। ● सिराईचुली ● गौरीखोला झरना। ● गुप्तेश्वर महादेव मन्दिर। ● पाथिभरा मंगलागौरी मन्दिर। ● चेपाङ गाउँ लगायतका धार्मिक तथा पर्यटकीय स्थलहरुको अवलोकनका लागि सम्पूर्ण जनसमुदायमा इच्छाकामना गाउँपालिका हार्दिक अनुरोध गर्दछ। आन्तरिक पर्यटनको प्रबर्द्धन गरौं।



**दानबहादुर गुरुङ**
अध्यक्ष एवम्
**इच्छाकामना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
इच्छाकामना, चितवन







## सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

**भरतपुर महानगरपालिका**
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा


## "तपाईको सेवामा, आजै कल गर्नुहोस्"



❖ चितवन तथा तराईको उच्च गुणस्तरको ईट्टा हरु नेपालको जुनसुकै ठाउँमा चाहिएमा।
❖ गिट्टी, ढुंगा, बालुवा चितवन र नवलपुरको सबै स्थानमा होम डेलिभरिको व्यवस्था।
❖ चितवन र नवलपुरको जुनसुकै स्थानमा घर तथा घडेरी अति आकर्षक र सस्तो मूल्यमा।

सम्पर्क : ९८२७२०१७१४